बैठक संख्या: २/२०७९-०८४

मिति २०७९ साल जेठ २८ गतेका दिन बसेको कोहलपुर नगरपालिका, नगर कार्यपालिकाको बैठकबाट देहाय बमोजिमका निर्णयहरु पारित गरियो।

निर्णय नं. १

यस नगरपालिकाका नवनिर्वाचित कार्यपालिका सदस्य ज्यूहरुलाई स्वागत गरियो । नगरकार्यपालिकाका अघिल्ला बैठकहरुबाट भएका निर्णयहरुको समिक्षा गरियो। कार्यान्वियन गर्न बाँकी निर्णयहरु यथाशीघ्र कार्यान्वियन गर्न सम्बन्धित विषयगत शाखा एवं वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं. २

यस नगरपालिकाको आगामी आर्थिक वर्षको नीति, बजेट, योजना तथा कार्यक्रम तर्जुमाका लागी हालसम्म भएको प्रगतिका बारेमा बृहतरुपमा छलफल भयो। यस अघि पठाईएको सिलिङ् बमोजिम बजेट तथा कार्यक्रम हालसम्म पनि प्राप्त हुन बाँकी वडा कार्यालयहरु एवं शाखाबाट योजना तथा कार्यक्रम यथाशीघ्र प्राप्त गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति मार्फत अर्को कार्यपालिका बैठकमा पेश गर्ने ।

निर्णय नं. ३

कोहलपुर नगरपालिका भित्र व्यवस्थित सहरी विकासका लागि एकिकृत सहरी विकास एवं सघन सहरी विकासको पूर्वाधार निर्माणका लागि सहरी विकास मन्त्रालयमा एकिकृत सहरी विकास कार्यक्रम माग गरी पठाउने।

निर्णय नं. ४

क) नगर विकास ऐन, २०४५(संशोधन सहित) को दफा ४ बमोजिम गठन हुने कोहलपुर नगर विकास समितमा नगर कार्यपालिका सदस्य मध्येबाट तीन जना र स्थानीय क्षेत्रको विकासमा महत्वपूर्ण योगदान गरी आएका सोही क्षेत्रका समाजसेवीहरु मध्येबाट एक जना महिलासहित दुई जना मनोनित गर्नुपर्ने व्यवस्था बमोजिम तपसिलका व्यक्तिहरुलाई सो समितिको सदस्यमा मनोनित गर्ने ।

<u>कार्यपालिका सदस्य मध्येबाट</u>

सदस्यः श्री नम बहादुर आले, वडा अध्यक्ष वडा नं. १४

सदस्यः श्री ओपेन्द्र नाथ योगी, वडा अध्यक्ष वडा नं. ९

सदस्यः श्री कल्पना शर्मा, वडा अध्यक्ष वडा नं. ११

<u>समाजसेवी मध्येबाट</u>

सदस्यः श्री मोहन प्रसाद चापागाई, कोहलपुर ११

सदस्यः श्री गिता वली, कोहलपुर १०

ख) कोहलपुर नगरपालिकाको कार्य सम्पादन नियमावली २०७४ को नियम १५ बमोजिम गठन हुने कार्यपालिकाका देहाय बमोजिमका समितिहरुमा देहाय बमोजिमका संयोजक, सदस्य र सचिव रहने गरी समितिहरु गठन गर्ने । आवश्यकता अनुसार नगर प्रमुखले सदस्य थपघट गर्न सक्ने ।

<u>सार्वजनिक सेवा तथा क्षमता विकास समितिः</u>

संयोजकः श्री सुनिता कुमारी राना बिष्ट, कार्यपालिका सदस्य

सदस्यः श्री हरि कठायत, वडा अध्यक्ष वडा नं. २

सदस्यः श्री मुबारक अलि गुजर, वडा अध्यक्ष वडा नं. ४

सचिवः प्रशासकीय अधिकृत श्री हरि बहादुर वली, कोहलपुर नगरपालिका

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

निर्णय प्रमाणित
06/8/12/20

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

**सामाजिक विकास समितिः**

संयोजकः श्री ईश्वरी प्रसाद बिश्वकर्मा, कार्यपालिका सदस्य
सदस्यः श्री बिरेन्द्र कुमार शाह, वडा अध्यक्ष वडा नं. १२
सदस्यः श्री भुप बहादुर दर्जी, कार्यपालिका सदस्य
सचिवः श्री सामाजिक विकास शाखा प्रमुख, कोहलपुर नगरपालिका ।

**आर्थिक विकास समितिः**

संयोजकः श्री अनिता कुमारी बुढा क्षेत्री, कार्यपालिका सदस्य
सदस्यः श्री लाल बहादुर राना, वडा अध्यक्ष वडा नं. ८
सदस्यः श्री गौरा कुमारी अधिकारी, वडा अध्यक्ष वडा नं. १०
सचिवः श्री आर्थिक विकास शाखा प्रमुख, कोहलपुर नगरपालिका ।

**पूर्वाधार विकास समितिः**

संयोजकः श्री नरेश बान्तवा राई, कार्यपालिका सदस्य
सदस्यः श्री कृष्ण थारु, वडा अध्यक्ष वडा नं. ६
सदस्यः श्री डम्बर बहादुर खड्का, वडा अध्यक्ष वडा नं. १३
सचिवः श्री पुर्वाधार विकास शाखा प्रमुख, कोहलपुर नगरपालिका ।

**वातावरण संरक्षण तथा विपद व्यवस्थापन समितिः**

संयोजकः श्री पबित्रा कुमारी थारु, कार्यपालिका सदस्य
सदस्यः श्री लाल बहादुर राना, वडा अध्यक्ष वडा नं. ८
सदस्यः श्री दिपेन्द्र कुमार चौधरी, वडा अध्यक्ष वडा नं. १५
सचिवः श्री वातावरण, विपद तथा सरसफाई शाखा प्रमुख, कोहलपुर नगरपालिका ।

**विधेयक समितिः**

संयोजकः श्री सुनिता सुनार, कार्यपालिका सदस्य
सदस्यः श्री केशर कुमारी रावत, कार्यपालिका सदस्य
सदस्यः श्री हरि कठायत, वडा अध्यक्ष वडा नं. २
सचिवः अधिकृत सातौ श्री कर्ण बहादुर थापा, कोहलपुर नगरपालिका ।

ग) कोहलपुर नगरपालिकाको शिक्षा नियमावली २०७४ को नियम २४ बमोजिम यस नगरपालिकामा रहने शिक्षा समितिका सदस्यमा तपसिल बमोजिमका कार्यपालिका सदस्य एवं व्यक्तिहरु मनोनित गर्ने ।

सदस्यः श्री सुनिता सुनार, कार्यपालिका सदस्य
सदस्यः श्री बिरेन्द्र कुमार शाह, वडा अध्यक्ष वडा नं. १२
सदस्यः श्री दिपेन्द्र कुमार चौधरी, वडा अध्यक्ष वडा नं. १५
सदस्यः श्री दिनेश सिग्देल, कोहलपुर १० (संस्थागत विद्यालयहरुको प्रतिनिधीमुलक संस्थाबाट)
सदस्यः श्री कृष्ण कुँवर, कोहलपुर -२ (अभिभावक संघका तर्फबाट)
सदस्यः श्री गोबिन्द प्रसाद ढकाल, कोहलपुर १२ (गुठी वा परम्परागत धार्मिक विद्यालयबाट)

**निर्णय नं. ५**

यस नगरपालिकाको एघारौं नगरसभाको पहिलो बैठक २०७९ साल असार ८ गते बुधबार नगरपालिकाको सभाहलमा दिनको १:०० बजे गर्ने गरी मिति तोक्ने र निम्न अनुसारका एजेण्डा सहित सबै नगरसभा सदस्यहरुलाई जानकारी गराउने।

निम्नः

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका निर्णय प्रमाणित
०६।१२।७९

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

- नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रम
- नगरपालिकाको आर्थिक विधेयक २०७९
- नगरपालिकाको विनियोजन विधेयक २०७९
- विभिन्न समितिहरु गठन गर्ने
- आ.ब. २०७९/०८० को बजेट पेश
- नगर महत्वका विभिन्न विषयहरु ।

निर्णय नं. ६

क) नगरभित्रको फोहरमैला दीर्घकालिन रुपमा व्यवस्थापनका लागि प्राप्त प्रतिवेदनका सुझावलाई समेटदै सो प्रतिवेदनमा उल्लेख भएको कार्ययोजना बमोजिम नगरपालिकाले क्रमशः कार्य अगाडी बढाउने ।

ख) नगरपालिका क्षेत्रभित्रका भौतिक संरचना (घर) निर्माण गर्दा सडक र सार्बजनिक जग्गामा निर्माण सामाग्री राख्नुपर्ने भएमा सम्बन्धित वडा कार्यालयबाट ३(तीन) दिन मात्र राख्न पाउने गरी अनुमति लिएर मात्र राख्ने अनुमति नलिई राखिएका सामाग्रीहरु वा अनुमतिको म्याद सकिएपछि नउठाइएका सामाग्रीहरु नगरपालिकाले जफत गरी दण्ड जरिवाना गर्ने सो को वडा कार्यालय एवं नगरपालिकाबाट प्रभावकारी रुपमा अनुगमन गरी कार्यान्वयन गर्ने ।

ग) नगरपालिका क्षेत्रभित्र जथाभावीरुपमा सार्वजनिक स्थलमा निर्माण सामाग्री (गिट्टी, बालुवा, ढुंगा आदि) थुपार्न नदिने र सो को उचित व्यवस्थापनका लागि कडाई गर्दै अनुगमन गर्ने । सहरी क्षेत्रको फुटपाथ, ठेलागाडा लगायतलाई व्यवस्थित गर्ने ।

निर्णय नं. ७

यस नगरपालिकाका अन्तर्गत साविकका दिनमा स्वीकृत योजना बेगरका बजेट शीर्षक एकिन नभएका विभिन्न योजना तथा कार्यक्रममा कायदिश दिई कार्यालय प्रमुखलाई जानकारी बिना कार्य सम्पन्न भएको भनी केही योजनाहरुको भुक्तानीका लागि कार्यालयमा पेश भएको/हुने गरेको पाईएकोमा आगामी दिनमा नगर सभा, कार्यपालिका, नगर प्रमुख वा अख्तियारवालाको स्वीकृति बिना बजेट शीर्षक र योजना एकीन नभई योजना सम्झौता भएको पाइएमा कार्यालयले भुक्तानी दिन बाध्य नहुने र यस्तो योजनाको इस्टिमेट स्वीकृत गर्ने, सम्झौता गर्ने एवं कायदिश गर्ने पदाधिकारी/कर्मचारी नै जवाफदेही हुने गरी एक पटकको लागि देहायका योजनाहरुको नगर स्तरीय योजना अनुगमन समितिबाट पुनः अनुगमन गरी, पुनः प्राविधिक नापजाँच गरी प्राविधिक बिल बमोजिम नगरपालिकामा चालु आर्थिक वर्षमा विनियोजित बजेटलाई उक्त योजनाहरुमा रकमान्तर गरी योजना कायम गरी रकम भुक्तानी दिने।

देहायः

| सि.नं. | योजनाको नाम | भुक्तानीको लागि पेश भएको रकम | रकम भुक्तानी गर्ने शीर्षक | कैफियत |
|---|---|---|---|---|
| १. | बागेश्वरी क्याम्पसको सभाहल निर्माण | ५०००००।- | बागेश्वरी क्याम्पसमा इ लाईब्रेरी स्थापना | शीर्षक मात्र परिवर्तन |
| २. | जंग बहादुर रावतको घर देखि नर बहादुर वलीको घरसम्मको नाली निर्माण | ८१४५००।- | समपुरक कोष | अत्यावश्यक निर्माणको लागि नयाँ योजना |
| ३. | सृजना टोल धर्मजंग शाहको घरदेखि रामलाल गिरीको घरसम्म अधुरो ४५ मिटर कालोपत्रे निर्माण | २०००००।- | समपुरक कोष | अपुरो योजना पूरा गरेको |
| ४. | बर्दहवा जैबिक तटबन्धन गर्ने कार्य | १०००००।- | योजना किताबको सि.नं. ९९ मा रहेको कटान क्षेत्रमा जैबिक तटबन्धन कार्य | निर्माण स्थल एकीन गरेको |
| ५. | एकतानगर फुलबारी टोलमा माटो | १०००००।- | समपुरक कोष | नयाँ अत्यावश्यकीय योजना |



टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत

कार्यपालिका निर्णय ०८०/३/२०

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल

| | | | | |
|---|---|---|---|---|
| | पटान | | | |
| ६. | विषद ब्यवस्थापन कोषमा रकम थप गर्ने | ५०००००।- | समपुरक कोष | बाढी जन्य विपद ब्यवस्थापन गर्न रकम आवश्यक भएकोले |

निर्णय नं. ८

यस नगरपालिकाको टोल विकास संस्था गठन कार्यबिधी २०७७ को बारेमा बैठकमा जानकारी गराईयो । नगरपालिकाका हरेक गतिविधि एवं वडाको कार्य प्रक्रियमा सहयोग पुर्‍याउने उद्देश्यले हरेक वडाका टोलहरुमा चालु आर्थिक वर्ष भित्रै सम्बन्धित वडाले साविकमा भएका सँस्थालाई सूचिकरण गर्ने तथा नयाँ टोल विकास संस्था गठन सिफारिस गरी नगरपालिकामा दर्ता/सूचिकरण गर्न पठाउने ।

निर्णय नं. ९ अत्यावश्यकीय विपद ब्यवस्थापन सम्बन्धमाः

क) चालु आर्थिक वर्षको असार महिनामा वर्षा एवं बाढीको जोखिम हुने, बाटो लगायतका संरचना क्षति हुने सम्भावित जोखिमको आँकलन गरी विपद ब्यवस्थापन गर्ने उद्देश्यका साथ नियमानुसार बिल भरपाई पेश गरी असार २० गते भित्र विपद ब्यवस्थापन कोषबाट भुक्तानी दिने गरी प्रति वडा बढिमा एक लाख रुपैयाको कार्यक्रम स्वीकृत गरियो।

ख) नगरपालिकाको विभिन्न क्षेत्रमा आकस्मिक रुपमा ग्राभेल तथा ह्युम पाईपको आवश्यकता पर्ने यस्तो स्थान हाल एकीन गर्न नसकिने अवस्था भएको र यस्तो कार्य आगामी आर्थिक वर्षको श्रावणदेखि नै गर्नुपर्ने भएकोले देहाय बमोजिमका योजनाहरु आगामी आर्थिक वर्षको योजनामा समेटी बजेट विनियोजन गर्ने गरी तत्काल टेन्डर प्रक्रिया अघि बढाउने । यसरी टेण्डरबाट प्राप्त हुने परिमाणको कार्य नगरपालिकाको पूर्वाधार विकास समितिको सिफारिसमा नगर प्रमुखले एकीन गरी आगामी २०८० असार मसान्त सम्मलाई पुग्ने गरी कार्य संचालन गर्ने ।

- विभिन्न स्थानमा ग्राभेल गर्ने कार्य रु २ करोड
- विभिन्न स्थानमा विभिन्न साईजका ह्युम पाईप जडान कार्य रु. ५० लाख ।

निर्णय नं. ९ विविध

क) यस नगरपालिकाको नाममा रहेका सम्पूर्ण सवारी साधनहरुमा सरकारी नम्बर प्लेट (सेतो नं. प्लेट) कायम हुन बाँकी रहेको भए यथाशीघ्र कायम गर्ने र सार्वजनिक बिदाको दिनमा नियमानुसार अनुमति लिएर बाहेक सरकारी सवारी साधन प्रयोग नगर्ने। नगरपालिकाको निर्णय विपरित कुनै कर्मचारी/पदाधिकारीले सवारी साधनको दुरुपयोग गरे नगरेको प्रभावकारी अनुगमनका लागि ट्राफिक प्रहरी कार्यालयलाई र निगरानीको लागि सरोकारवाला निकाय/सँस्थालाई समेत अनुरोध गर्ने ।

ख) मिति २०७९/२/११ गते प्रहरी हिरासतमा मृत्यु भएका कोहलपुर नगरपालिका वडा नं. १२ का ४६ वर्षिय कृष्णलाल कुँवरको क्रिया खर्च वापत नगरपालिकाको विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी निजको आश्रित परिवारलाई रु. ५०,०००।– उपलब्ध गराउने ।

ग) यस नगरपालिकाका विगतका बैठकबाट निर्णय गराई विभिन्न संस्थाहरुलाई मागका आधारमा यस अघि सार्वजनिक एवं सरकारी जग्गा भोगचलनका लागि उपलब्ध गराउँदै आएकोमा उप उप्रान्त नियमानुसार उपलब्ध हुने बाहेक कुनै पनि निकायलाई जग्गा उपलब्ध नगराउने । यस अघि निर्णय भई जग्गा उपलब्ध गराएको हकमा निजहरुले कार्य प्रारम्भ नगरेको भए सो समेत रोकी सरकारी जग्गाको संरक्षण नगरपालिका स्वयंले गर्ने ।

घ) यस नगरपालिकाभित्र "घ" वर्गको निर्माण ईजाजत पाउँ भनी निवेदन पेश गरी आवश्यक प्रक्रिया पुरा गरेको श्री जे. एम. निर्माण सेवा, कोहलपुर ३ बाँके लाई "घ" वर्गको निर्माण ईजाजत दिने निर्णय गरियो ।

टिकाराम ढकाल
प्रमुख प्रशासकीय अधिकृत